# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ मिथिला, श्रावण ११ गते, २०८१ साल संख्या १०


## भाग-१

# मिथिला नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि –२०८१

**प्रस्तावना :**

**मिथिला नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुमध्ये दक्ष, कुशल, सक्षम र व्यवस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी पठनपाठन तथा शिक्षण सिकाइ विधि तथा क्रियाकलापमा उपलब्धिपूर्ण प्रगति गर्न र विद्यालयको समग्र व्यवस्थापनमा सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम यस नगरपालिकाको १४औँ नगरसभाले यो कार्यविधि बनाई लागू गरेको छ।**

मिथिला नगरपालिका

## परिच्छेद–१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "मिथिला नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि–२०८१" रहेको छ ।

(२) यो कार्यविधि मिथिला नगरपालिका क्षेत्रभरि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले मिथिला नगरपालिका शिक्षा ऐन–२०८० लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले मिथिला नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले मिथिला नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले मिथिला नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "उप–प्रमुख" भन्नाले मिथिला नगरपालिकाको नगर उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिथिला नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

मिथिला नगरपालिका

**(ज) "सामाजिक विकास समिति संयोजक" भन्नाले मिथिला नगरपालिका अन्तर्गतको सामाजिक विकास सम्बन्धी विषयगत क्षेत्र हेर्ने समितिको संयोजक सम्झनु पर्दछ ।**

**(ञ)"प्रधानाध्यापक"भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त भएका सामुदायिक विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।**

**(ट)"विद्यालय निरीक्षक" भन्नाले यसै नगरपालिकाको शिक्षा शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ ।**

**(ठ) "शिक्षा शाखा"भन्नाले यसै नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।**

## परिच्छेद–२

## प्रधानाध्यापकको नियुक्ति

३. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था : विद्यालयको समग्र शैक्षिक क्रियाकलाप सञ्चालन तथा विद्यालयको प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी बहन गर्न शैक्षिक तथा प्रशासनिक प्रमुखको रुपमा प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ ।**

४. **सूचना प्रकाशन गर्ने : (१) प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले १५ (पन्ध्र दिन) को समयसीमा राखी दफा ६ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई दरखास्त दिनको लागि सूचना प्रकाशन गर्नेछ ।**

**(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि नगरपालिकाले नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा एकैपटक वा चरणवद्ध रुपमा गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ ।**

मिथिला नगरपालिका

५. दरखास्त दिने : (१) दफा ४ बमोजिम सूचना जारी भएपश्चात् प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक व्यक्तिले तोकिएको समयसीमाभित्र विद्यालय विकास प्रस्तावसहित आवश्यक कागजातको प्रमाणित प्रति संलग्न राखी तोकिए बमोजिम फाराम भरी प्रमुख प्रशासकीय अधिकृतमार्फत् शिक्षा शाखामा दरखास्त दिन सक्नेछ । शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र तिनको सूची तयार पारी प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समिति समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्तको साथ पेश गर्ने विद्यालय विकास प्रस्ताव उम्मेदवारले वर्तमान अवस्थामा आफैं कार्यरत रहेको विद्यालय वा अन्य सोही स्तरको विद्यालयसँग सम्बन्धित हुनु पर्नेछ ।

६. प्रधानाध्यापकको लागि दरखास्त दिन तपसिल बमोजिमको आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

(क) आधारभूत तह (कक्षा ०-५ सम्म)

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

२. नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३. उच्च नैतिक चरित्र भएको ।

४. सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको ।

५. उम्मेदवार हुन चाहने शिक्षकको सेवा अवधि कम्तिमा ३ वर्ष बाँकी रहेको हुनु पर्नेछ ।

(ख) आधारभूत तह (कक्षा ०-८ सम्म)

१.मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नताक तह वा सो सरह उतीर्ण गरेको ।

२. नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३.उच्च नैतिक चरित्र भएको ।

४. सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको ।

५. उम्मेदवार हुन चाहने शिक्षकको सेवा अवधि कम्तिमा ३ वर्ष बाँकी रहेको हुनु पर्नेछ ।

(ग) माध्यामिक तह (कक्षा ०–१० वा ०–१२)

१. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरेको।

२.नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३.उच्च नैतिक चरित्र भएको ।

४.सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको ।

५. उम्मेदवार हुन चाहने शिक्षकको सेवा अवधि कम्तिमा ३ वर्ष बाँकी रहेको हुनु पर्नेछ ।

७. दरखास्त फाराम समितिलाई बुझाउने : (१) दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र शिक्षा शाखाले आफूले तयार पारेको दरखास्त दिने सबै उम्मेदवारहरुको नामनामेसी सहितको सूची र सम्वद्ध कागजात प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिलाई उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिले सात दिनभित्र सूचनाको अवधिमा परेको निवेदन साथ

**प्राप्त कागजात विश्लेषण गरी स्वीकृत वा अस्वीकृत भएको उम्मेदवारको अलग–अलग सूची तयार गरी प्रकाशन गर्नुपर्नेछ ।**

**(३) प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिले उम्मेदवारहरुको स्वीकृत नामनामेसी विवरण र तिनले पेश गरेको विद्यालय विकास प्रस्ताव तथा प्रस्तुतीकरण मूल्याङ्कन गर्नेछ ।**

**८. प्रधानाध्यापक छनोटको लागि व्यवस्था : (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोटको लागि यस कार्यविधिको दफा ९ बमोजिमको आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी योग्यताक्रमको आधारमा गरिनेछ।**

**(क) उपदफा (१) बमोजिम छनोट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतीकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन कार्य सम्पन्न गरी सोको सक्कल प्रति नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ**

**(ख) उपदफा (६) बमोजिमको कार्य प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिले बढीमा सात दिनभित्र पूरा गर्नेछ ।**

**(ग) मूल्याङ्कनलाई थप वस्तुनिष्ठ बनाउन र आफ्नो कार्यजिम्मेवारीलाई वैज्ञानिक ढङ्गले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएको अलावा मूल्याङ्कनका थप आधार र मापदण्ड समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।**

**(घ) प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसाथ पूरा गर्नका**

लागि सम्बन्धित विषयमा छलफल एवम् जानकारीको लागि कुनै विज्ञ व्यक्ति तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ङ) प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

९. प्रधानाध्यापक छनोट तथा सिफारिस गर्न देहाय बमोजिमको प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सामाजिक विकास समिति संयोजक - सदस्य

ग) वि.व्य.स. अध्यक्ष मध्ये नगर प्रमुखबाट मनोनित एक जना : - सदस्य

घ) सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका मध्ये नगरप्रमुखले मनोनित गरेको एकजना – सदस्य

ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सविच

१०. प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रधानाध्यापक छनौटका लागि १५ दिने सुचना प्रकाशन गर्ने ।

(ख) सूचनामा तोकिएको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशित गर्ने ।

(ग) स्वीकृत उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव, ज्येष्ठता, तालिम र शिक्षण नतिजा वापतको अंकको लागि उम्मेदवारले पेश गरेको सो सम्बद्ध कागजात अध्ययन गरी प्राप्ताङ्क कम्प्युटरमा प्रविष्टि र तालिकीकरण गर्ने।

**(घ) स्वीकृत उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने ।**

**(ङ) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन र प्रस्तुतीकरण एवम् प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क कम्प्युटरमा प्रविष्टि गर्ने ।**

**(छ)अन्तर्वार्ता सञ्चालनका लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिका अनुसार अन्तर्वार्ता सञ्चालन गर्ने ।**

**(झ) अन्तर्वार्ता वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क कम्प्युटरमा प्रविष्टि गर्ने ।**

**(ञ) सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कूल प्राप्ताङ्कका आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने ।**

**(ट) प्रतिस्पर्धामा सफल भएका उम्मेदवारहरुको एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरुलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न सिफारिस साथ नगर शिक्षा समितिमा पेश गर्ने।**

**(ठ) प्रधानाध्यापक छनोट, मूल्याङ्न तथा सिफारिसँग सम्बन्धित अन्य आवश्यक काम गर्ने**

**(ड) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।**

**(ढ) कार्य सम्पादनको सिलसिलामा समितिको बैठकमा आवश्यकता अनुसार विषयक्षेत्रसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।**

**(ण) समितिको बैठकमा उपस्थित समितिका संयोजक एवम् सदस्य र आमन्त्रित तथा प्रधानाध्यापक छनोट सम्बन्धी काममा खटिने कर्मचारीहरुलाई नगर शिक्षा समितिको निर्णय बमोजिमको भत्ता तथा सुविधा उपलब्ध गराइनेछ ।**

## परिच्छेद–३

## प्रधानाध्यापक छनोटका आधार तथा मापदण्ड

**११. प्रधानाध्यापक छनोटका आधार तथा मापदण्ड : (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोटका लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ ।**

### खण्ड–क

**१. शैक्षिक योग्यता वापत –१५ अङ्क**

**(अ) न्यूनतम शैक्षिक योग्यता वापत –१० अङ्क**

**(क) प्रथम श्रेणी भए –१० अङ्क**

**(ख) द्वितीय श्रेणी भए – ८अङ्क**

**(ग) तृतीय वा पास श्रेणी भए –६ अङ्क**

**(घ) श्रेणी नखुलेको भए द्वितीय श्रेणी बराबरको अङ्क प्रदान गर्ने ।**

**(आ) माथिल्लो शैक्षिक योग्यता वापत –५ अङ्क**

**(क) प्रथम श्रेणी भए –५अङ्क**

**(ख) द्वितीय श्रेणी भए –३ अङ्क**

**(ग) तृतीय वा पास श्रेणी भए –२ अङ्क**

**(घ) श्रेणी नखुलेको भए द्वितीय श्रेणी बराबरका अङ्क प्रदान गर्ने ।**



मिथिला नगरपालिका

**स्पष्टीकरण : माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एम. फिल. डिग्री, आधारभूत तह कक्षा ०–८ को हकमा स्नाकोत्तर डिग्री र आधारभूत तह कक्षा ०–५ को हकमा स्नातक डिग्री भएकालाई माथिल्लो योग्यता मानिने छ ।**

**३. शिक्षण अनुभव वापत –१० अङ्क**

**(क) सम्बन्धित तहमा स्थायी नियुक्त पाई कामकाज गरेको शिक्षण अनुभवको लागि प्रति वर्ष १ अङ्कको दरले बढीमा –१० अंङ्क**

**४. तालिम वापत –५ अङ्क**

**(अ) शैक्षिक तालिम/सेवाकालीन तालिम वापत–३ अङ्क (शिक्षाशास्त्र संकायबाट सम्बन्धित तह उतीर्ण गरेको वा न्यूनतम १० महिनाको प्रमाणपत्र सहितको सेवाकालीन तालिम लिएको हुनुपर्ने) ।**

**(क) प्रथम श्रेणी भए –३ अङ्क**

**(ख) द्वितीय श्रेणी भए –२ अङ्क**

**(ग) तृतीय वा पास श्रेणी भए –१ अङ्क**

**(घ) श्रेणी नखुलेको भए द्वितीय श्रेणी बराबरका अङ्क प्रदान गर्ने ।**

**(आ) विद्यालय व्ययवस्थापन /नेतृत्व विकास सम्बन्धी तालिम वापत –२ अङ्क**

**(क) शैक्षिक जनशक्ति विकास केन्द्र वा नेपाल सरकारबाट मान्यता प्राप्त सो सरहका तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी कम्तिमा एक महिनाको तालिम लिएको भए –२ अङ्क**

**५. अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत –३ अङ्क । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा पछिल्लो तीन शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको बढीमा १ अङ्कको दरले बढीमा ३ अङ्क दिइनेछ ।**

मिथिला नगरपालिका

अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछ । अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशतलाई सम्बन्धित विषयको पालिकाको औसत उतीर्ण प्रतिशतले भाग गरी १ ले गुणन गरी आउने गुणन फल बराबरको अंक प्रदान गरिने छ ।

खण्ड–ख

विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन (कूल अङ्क : ३०)

विद्यालय विकास प्रस्ताव वापत देहाय बमोजिम ३० अङ्क हुनेछ ।

१.विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक व्यवस्थापन लगायत समग्र वस्तुस्थितिको विश्लेषण वापत –५ अङ्क

२.विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि वापत –३ अङ्क

३.विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धि बीचको सूचकाङ्कगत अन्तर विश्लेषण वापत –४ अङ्क

४.अपेक्षित उपलब्धि हासिल गर्नका लागि शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित) वापत –१० अङ्क

५. प्रस्तावित योजना कार्यान्वयन र कार्ययोजना खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउन पर्ने) र सोको मूल्याङ्कनको सूचकहरु वापत –६ अङ्क

६.प्रस्तावकको भाषा, भाषिक शुद्धता, लेखाइको स्तरवापत –२ अङ्क

खण्ड–ग

प्रस्ताव प्रस्तुतीकरण र छलफल (कूल अङ्क : २०)

१. प्रस्ताव प्रस्तुतीकरण र छलफल वापत देहाय बमोजिम २० अङ्क हुनेछ ।



मिथिला नगरपालिका

**क) प्रस्ताव प्रस्तुतीकरण वापत –८ अङ्क**

**ख) प्रश्नोत्तर र छलफल वापत –१२ अङ्क**

**खण्ड–घ**

**अन्तर्वार्ता मूल्याङ्कन (कूल अङ्क : २०)**

**१. अन्तर्वार्ता वापत देहायबमोजिम २० अङ्क हुनेछ ।**

**क) व्यक्तित्व वापत –२ अङ्क**

**ख) आत्मविश्वास वापत –२ अङ्क**

**ग) भाषिक शुद्धता र स्पष्टता वापत –२ अङ्क**

**घ) नेतृत्व क्षमता वापत –३ अङ्क**

**ङ) विद्यालयको शैक्षिक गुणस्तरप्रतिको समर्पण भाव वापत –३ अङ्क**

**च)शैक्षिक प्रशासन सम्बन्धी ज्ञान वापत –३ अङ्क**

**(२) शिक्षाका समसामयिक मुद्दाहरुलाई अवसरमा बदल्ने क्षमता वापत –५ अङ्क**

**(३) प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिले सूचिकृत उम्मेदबारहरुको बढीमा सात दिनभित्रमा अन्तर्वार्ता लिनु पर्नेछ ।**

**(४) मूल्याङ्कनकर्ताले उपदफा (१) को खण्ड–(ख) (विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन) खण्ड–ग (प्रस्तावना प्रस्तुतीकरण र छलफल ) र खण्ड–घ( अन्तवार्ता) वापत अङ्क प्रदान गर्दा ४० प्रतिशतभन्दा कम र ७५ प्रतिशतभन्दा बढी अङ्क दिनु परेमा सोको पुष्ट्याई समेत दिनुपर्ने छ ।**

**१२. प्रधानाध्यापक नियुक्ति : (१) प्रधानाध्यापक छनोट तथा मूल्याङ्कन समितिले यस कार्यविधिमा व्यवस्था भए बमोजिम मूल्याङ्कन तथा अङ्कन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम सहितको सिफारिस नगर शिक्षा समितिसमक्ष पेस गरी सो नगर शिक्षा समितिद्वारा स्वीकृत**

**भएपछि प्रमुख प्रशासकीय अधिकृतले ती सफल उम्मेदवारहरुलाई कम्तिमा तीनओटा विद्यालय रोजाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।**

**(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा एउटै विद्यालयबाट एकभन्दा बढीको प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस भएको अवस्थामा योग्यताक्रममा पहिलो नम्बरमा हुनेलाई कार्यरत विद्यालयमा र अर्को व्यक्तिलाई सम्भव भएसम्म निजलाई पायक पर्ने नजिकैको अर्को विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्त गरिनेछ।**

**(३)उदफा (१) बमोजिम नियुक्तिसँगै नवनियुक्त प्रधानाध्यापकले आफूले विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कुराहरुलाई समयबद्ध ढङ्गले पूरा गर्ने गरी नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ । प्रधानाध्यापकले पनि आफूले काम गर्ने विद्यालयका शिक्षकहरुसँग सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको रोहबरमा छुट्टाछुट्टै कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।**

**(४)उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति हुँदा एउटै विद्यालयबाट एक भन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्त भएको वा एउटै विद्यालयमा पनि तत्कालीन अवस्थामा प्रधानाध्यापक पदमा कार्यरत व्यक्तिभन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्त भएको अवस्थामा आधारभूत विद्यालय ०–८ र माध्यमिक विद्यालय ०–१०/०–१२ मा विषय शिक्षकको अनुपात मिल्ने गरी शिक्षकहरुको आन्तरिक सरुवा गरी मिलान गरिनेछ ।**

**१३. प्रधानाध्यापकको पदावधि : (१) प्रधानाध्यापकको पदावधि सामान्यत: नियुक्त भएको मितिले पाँच वर्षको हुनेछ । पहिलो पटक प्रधानाध्यापक पदमा करार सम्झौता गरेको मितिले ६ महिनासम्म निजको परीक्षण काल**

रहनेछ। निजको कार्यसम्पादन करार सम्झौताको आधारमा पहिलो वर्ष परीक्षण कालको मूल्याङ्कन, तेस्रो वर्ष मध्यावधि मूल्याङ्कन र पाँचौं वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ । यसरी मूल्याङ्कन गर्दा निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा विद्यालय व्यवस्थापन समितिले पुनः सो पदमा पाँच वर्षका लागि एक पटक करार अवधि थप गर्न सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछ ।

(क) निजले विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजिनामा दिएमा

(ख) कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोजनक नभएको भनी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले पदमुक्त गरेमा ।

(ग) पदीय र नैतिक आचरण विपरीतको काम गरेको प्रमाणित भएमा ।

(घ) निजको उमेर साठी वर्ष पूरा भएमा ।

(ङ) निजको मृत्यु भएमा ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन । तर परीक्षण कालको अवधिमा निजले शैक्षिक तथा प्रशासकीय नेतृत्व दिन नसकेको भनी विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका र नगरपालिकाबाट अनुगमन हुँदा समेत सो कुरा पुष्टि हुन आएमा प्रधानाध्यापकको पदबाट निजलाई हटाउन बाधा पर्ने छैन ।

मिथिला नगरपालिका

१४. **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** प्रधानाध्यापकको काम कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. **प्रधानाध्यापकको सुविधा :** (१) यस कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापकलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध हुनेछ । यसका अलावा प्रधानाध्यापकलाई नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट आधारभूत विद्यालय 0-३ वा 0-५ भए मासिक रु.एक हजार, आधारभूत विद्यालय 0-८ भए मासिक रु. दुई हजार र माध्यमिक विद्यालय 0-१0 / 0-१२ भए रु. तीन हजार प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिमको सुविधाका अतिरिक्त निजको कार्यसम्पादन उपलब्धिका आधारमा कम्तिमा असी प्रतिशत प्रगति हासिल गर्ने विद्यालयको प्रधानाध्यापकलाई आधारभूत विद्यालय 0-३ वा 0-५ भए मासिक रु.दुई हजार, आधारभूत विद्यालय 0-८ भए मासिक रु. दुई हजार पाँच सय र माध्यामिक विद्यालय 0-१0/0-१२ भए रु. तीन हजार पाँच सयसम्म नगरपालिकाको सञ्चित कोषबाट मासिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

१६. **निमित्त प्रधानाध्यापक :** विद्यालयमा कार्यरत प्रधानाध्यापक कुनै कारणले अनुपस्थित भएमा विद्यालयमा उपस्थित नभएसम्म वा जुनसुकै कारणले प्रधानाध्यापकको पद रिक्त भएकोमा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो तह र श्रेणीको वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर वरिष्ठतम शिक्षकले लिखित रुपमा सो पद अस्वीकार गरेमा वरिष्ठताको

**पछिल्लो क्रममा रहेको शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्नेछ ।**

**परिच्छेद–४**

**विविध**

**१७. बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा नगरसभा वा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।**

**१८. व्याख्या गर्ने अधिकार :यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर सभा वा कार्यपालिकालाई हुनेछ ।**

**१९. बचाउ :यस कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका विषयहरु यस नगरपालिकाको शिक्षा ऐन,२०८० तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।**

मिथिला नगरपालिका

**आज्ञाले**
**अशोक कुमार भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**